बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बीमा समिति-२०४९ Insurance Board-1992

परिपत्र नं. १

बी.स.२३ (०७६/०७७) च.नं. ६९९ मिति-२०७६/०५/०९

**श्री इजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरू,**

विषय: **समितिबाट जारी गरिएको विभिन्न निर्देशिकाहरुमा भएको "वित्तीय स्वार्थ" सम्बन्धी परिभाषामा एकरुपता कायम गर्ने सम्बन्धमा।**

समितिले नेपालमा बीमा व्यवसायलाई व्यवस्थित, नियमित तथा नियन्त्रित गर्ने उद्देश्यले बीमा ऐन २०४९ को दफा ८ को खण्ड (घ २) को अधिकार प्रयोग गरी विभिन्न निर्देशिकाहरु बनाई लागु गर्ने क्रममा बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ र बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ बनाई लागु गरिसकेको। उल्लेखित दुवै निर्देशिकाको परिभाषा खण्डमा "वित्तीय स्वार्थ" सम्बन्धी परिभाषा अलग अलग भएकोले काम कारवाहीमा द्वविधा हुँदै आएकाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७४ मा रहेको वित्तीय स्वार्थ सम्बन्धी परिभाषा समेतसँग एकरुपता कायम हुने गरी देहाय बमोजिमको वित्तीय स्वार्थको परिभाषा एकरुपता कायम गर्ने।

"वित्तीय स्वार्थ" भन्नाले संस्थापक वा सञ्चालक वा आधारभूत शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्तो व्यक्तिको एकाघरको परिवारका सदस्य वा सञ्चालक मनोनित गर्ने अधिकार पाएको फर्म, कम्पनी वा संगठित संस्थामा बीमकको वित्तीय स्वार्थ रहेको सम्झनुपर्छ र सो शब्दले बीमकको सञ्चालक मनोनित गर्ने अधिकार पाएको एकल वा संयुक्त फर्म वा संगठित संस्था वा त्यस्ता सँस्थामा एकाघर परिवारका सदस्यको चुक्ता पूँजीको दश प्रतिशत वा सो भन्दा बढी शेयर लिएको शेयरधनी रहेछ भने त्यस्तो एकल वा संयुक्त फर्म वा संगठित संस्थामा बीमकको वित्तीय स्वार्थ रहेको जनाउँछ।

**(राजु रमण पौडेल)**
कार्यकारी निर्देशक

**बोधार्थ:**
श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोनः ०१-५५२१०७९, ५५३८७४३, फ्याक्सः ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np